कानुनी साक्षरता शृंखला-4

# हाम्रो जंगल-हाम्रो धरोहर

## अनूसूचित जनजाति र अन्य पारम्परिक वन निवासी ( वन अधिकारको मान्यता ) अधिनियम 2006 एवम् नियम 2008




साक्षर भारत

राज्य स्रोत केन्द्र असम
राष्ट्रिय साक्षरता मिसन प्राधिकरण
मानव संसाधन विकाश मन्त्रालय
भारत सरकार

न्याय विभाग
विधि तथा न्याय मन्त्रालय
भारत सरकार

**ASSAM STATE LEGAL SERVICES AUTHORITY**
1ST FLOOR, GAUHATI HIGH COURT, OLD BLOCK
GUWAHATI - 781001, ASSAM
PHONE : 0361 - 251636*, FAX : 0361 - 2601843
অসম ৰাজ্যিক আইন সেৱা প্ৰাধিকাৰী
গুৱাহাটী - ৭৮১০০১

No. ASLSA-38/2014/60 Dated: Guwahati the 29th April '2016

To
The Director,
State Resource Centre - Assam,
1- CD, Mandovi Apartments,
GNB Road, Ambari, Guwahati-781001
(Assam)

**Sub:** VETTING OF IEC MATERIALS ON LEGAL LITERACY COMPONENTS.

Ref.: Your letter no. SRC/170/97/654-56 dated 21.03.2016.

Dear Sir,

In inviting a reference to the subject as cited above, undersigned has the honor to state that the vetting of the IEC materials on legal literacy components in Nepali Language have been completed and are being returned herewith after minor modifications in sentence/word structuring and are shown in ink/pencil markings.

Rest of the IEC materials in Bengali language are also being carried out and are likely to be ready on or before 5th May'2016.

With best regards

Yours faithfully

Mridul K Saikia 29/4/2016
(Mridul Kr. Saikia)
Member Secretary i/c
Assam State Legal Services Authority

Encl:
As stated above.

04
30/4/16

# हाम्रो जंगल–हाम्रो धरोहर

## ( अनूसूचित जनजाति र अन्य पारम्परिक वन निवासी )
## ( वन अधिकारको मान्यता ) अधिनियम 2006 एवम् नियम 2008

कानुनी साक्षरता शृंखला–10


साक्षर भारत

**राज्य स्रोत केन्द्र असम**
**राष्ट्रिय साक्षरता मिसन प्राधिकरण**
**मानव संसाधन विकास मन्त्रालय**
**भारत सरकार**

सत्यमेव जयते

**न्याय विभाग**
**विधि तथा न्याय मन्त्रालय**
**भारत सरकार**

**Hamro Jangle-Hamro Dharohar :** This book is based on legal awareness for the neoliterates on ST and other traditional forest dwellers, recognition of forest rights act 2006. This book is prepared by National Literacy Mission Authority and Department of Justice, Govt. of India, New Delhi. This book is translated and published by State Resource Centre Assam, 1-CD, Mandovi Apartments, GNB Road, Ambari, Guwahati-781001 (Assam)

March 2016 (1000)

| | | |
|---|---|---|
| मूल पुस्तक | : | हमारे जंगल–हमारी धरोहर |
| पुस्तक तयार पार्ने कार्यशालामा सहयागीहरू | : | सन्तोष नेवार, सतीश कुमार थिङ्ग, भक्त प्रसाद ढकाल, रितम कुमार प्रधान |
| भारत सरकार न्याय विभाग विधि तथा न्याय मन्त्रालयको तर्फ्नबाट कार्यशालामा उपस्थित अधिकारीहरू | : | राजेश देउली, योजना अधिकारी, अङ्शुल सक्सेना, योजना अधिकारी, गोविन्द वैश्य, राज्य संयोजक |
| प्रथम प्रकाशन | : | मार्च 2016 (1000) |
| प्रकाशक | : | राज्य स्रोत केन्द्र असम, माण्डवी एपार्टमेन्ट्स, जी एन बी रोड, आमबारी, गुवाहाटी–781001 |
| सम्पादन | : | अनुराधा बरूवा, प्रसन्न कुमार कलिता |
| मुद्रक | : | शराईघाट अफचेट प्राईभेट लिमिटेड बामुणीमेदाम, गुवाहाटी–21 |

# आभार

साक्षर भारत कार्यक्रम सितम्बर 2009 मा सुरू गरियो। कार्यक्रम अन्तर्गत देशको निम्न महिला साक्षरता दर 410 जिल्लाहरूमा सन्मिलित गरियो। साक्षर भारत कार्यक्रमको केन्द्र बिन्दु ग्रामीण इलाकाका महिलाहरू, अनुसूचित जाति, अनुसूचित जनजाति वर्ग औ अल्पसंख्यक समुदाय हो। कार्यक्रममा बुनियादी साक्षरताको साथै समतुल्यता कार्यक्रम, कौशल विकास औ शत-प्रतिशत शिक्षालाई जोडिएको छ।

साक्षरताले शिक्षार्थीहरूको दैनिक जीवनसंग अधिक जोडिएको औ रोचक बनाउने उद्देश्यले इन्टरपर्सनल मीडिया प्रचार प्रारंभ गरिसकेको छ। प्रचारमा जुन प्रमुख विषयहरू समावेश गरिएको थियो छ त्यसमध्ये कानुनी साक्षरता पनि एउटा प्रमुख विषय हो।

कानुनी साक्षरताको विषयमा सबैलाई जानकारी उपलब्ध गराउन कानुनी साक्षरता शृङ्खलाको निर्माण गरिएको छ। भारत सरकारको मानव संसाधन विकास मन्त्रालयको अधीनको राष्ट्रीय साक्षरता मिसन प्राधिकरण र विधि तथा न्याय मन्त्रालय (न्याय विभाग) को मातहतमा गुवाहाटीमा आयोजित कार्यशालामा असम (असमीया भाषा), त्रिपुरा (बाङ्ला भाषा)र सिक्किम (नेपाली भाषा) का विशेषज्ञ, लेखक तथा राज्य कानुनी सेवा प्राधिकारणको सहयोगमा कानुनी साक्षरता सामग्री तयार पारिएको हो।

कानुनी साक्षरता सामग्रीको निर्माणमा न्याय विभाग, न्याय मंत्रालय: भारत सरकार औ (A2J NE & JK) प्रकल्प प्रबन्धन समूहद्वारा तकनिकी सहयोग प्रदान गरिएको सामग्रीको अनुमोदन न्याय विभाग, न्याय मंत्रालय भारत सरकारद्धारा गरिन्छ। राष्ट्रिय साक्षरता मिशन प्राधिकरण सबै संस्था र विभागहरूप्रति आभार व्यक्त गर्दछ। आशा गरिन्छ यी सामग्री कानुनी साक्षरताप्रति जनसाधरणमा कानुनी जागरूकता ल्याउन सफल हुनेछ।

राष्ट्रिय साक्षरता मिशन प्राधिकरण<br>
मानव संसाधन विकास मंत्रालय, नई दिल्ली

# हाम्रा दुई कुरा

स्रोत केन्द्र असमले थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरेर प्रकाशन गर्ने व्यवस्था गरेको छ। गुवाहाटीमा आयोजित लेख तयारी कार्यशालामा थी पुस्तिकाहरू नेपालीमा अनुवाद गरिएको छ। अनुदित पुस्तिकाहरू असम राज्य कानुनी सेवा प्राधिकरणाद्वारा अनुमोदित भएका छन्। यसै अवसरमा कार्यशालामा सहभागी प्रत्येक व्यक्तिलाई धन्यवाद ज्ञापन गरिन्छ। आशा छ थी पुस्तिकाहरूलाई पाठकले स्वागत गर्ने।

समीरण ब्रह्म<br>
निदेशक<br>
राज्य स्रोत केन्द्र

# हाम्रो जंगल–हाम्रो धरोहर

## ( अनूसूचित जनजाति र अन्य पारम्परिक वन निवासी ) ( वन अधिकारको मान्यता ) अधिनियम 2006 एवम् नियम 2008

शेर्पा गाँउमा आज बिहानदेखि नै मानिसहरूको आवत–जावत चलिरहेको छ। हर कोहि पंचायततर्फ गै रहेका छन। आज सहरबाट महिला वकील सुमन थापा आउने कुरा छ।



शेर्पा गाँउकी महिला पंचायत प्रधान शिला देवी मानिसहरूलाई भन्दैछिन कि–आज वकील दिदीले बन अधिकार कानुनबारे जानकारी गराउने दिन। यो कानुन बन जंगलमा बसोवास गर्ने आदिवासीहरुलाई हक दिलाउनका लागि बनाइएको हो। अन्य पारम्परिक वन–जंगलमा बासोवास गर्नेहरुलाई पनि यसमा सामेल गरिएको छ।

पंचायत प्रधान शिला देवीले आफ्ना कुरा नसक्तै त्याहाँ सुमन थापा आई पुग्छिन। उपस्थित सबैले सुमनलाई स्वागत गरेपछि उनि भन्न थाल्छिन – तपाईहरु अनुसूचित जनजाति व अन्य बनवासीहरू पुस्तौंदेखि वन–जंगलमा आउनु लगायत सधैं नैं वन–जंगलको रक्षा गरिआउनु भएको छ। वन–जंगल बचाई राख्नमा हजुरहरूको ठूलो अवदान छ। तर तपाईहरूले सहि मान्यता पाउनु भएको छैन, तपाईहरुमाथी घोर अन्याय भै रहेको छ।

तपाईहरुमा ति जनजातिहरु पनि सामेल छन, जस्ले विकासको नाममा नचाहेर पनि आफ्नो निवास अर्कै ठाउँमा



बनाउन परेको छ। भूमि सम्बंधित असुरक्षा लामो समयदेखि चलिआएको छ। यस्लाई समाप्त गराउने उद्देश्यले नै वन अधिकार अधिनियम, 2006 एवं नियम 2008 बनाइएको हो। सबै मानिसहरू सुमन थापाका कुरा ध्यान लगाएर सुनिरहेका थिए। यसै बिच त्याहाँ उपस्थित मंगलूले भन्यो।




मंगलू – वकील दिदी, यस कानुनद्वारा हाम्रो के लाभ हुन्छ ?

सुमन – तिमिले राम्रो प्रश्न गर्‍यौ। यस बन अधिकार अधिनियमद्वारा अनुसूचित जनजाति व अन्य पारम्परिक वन–जंगल निवासीहरुलाई कानुनी अधिकार प्रदान गरिन्छ। यी अधिकारहरु यसप्रकार छन्

(क) दिसम्बर 2005 सन भन्दा पहिलै बसोवास गर्ने सबै आदिबासीलाई वन भूमिको अधिकार प्राप्त हुने छ।

(ख) तीन पुस्ता वा 75 वर्ष भन्दा पहिलै वन–जंगलमा बसोवास गरिरहेका अन्य जातिका पारम्परिक बनवासीहरुलाई पनि यो अधिकार प्रदान गरिने छ।



(ग) गाउँ, समाज व सामुदायिक वन भूमिको पनि मालिकाना हक मिल्ने छ।

(घ) पारम्परिक जलाशय व तलाउबाट उत्पादन हुने सबै चिजहरुमाथि आदिबासीहरुको अधिकार रहने छ।

(ङ) आदिवासीहरुलाई वन–जंगलमा पाइने वा उपलव्ध हुने, बाँस, बेत, मह, जड़ी–बूटीहरू, औषधीय झारपात,



फल-फूल, पत्थर आदि उपयोग गर्न वा संग्रहगरी बेच्ने अधिकार प्रदान गरिएको छ।

(च) जलासय वा तलाउको अनुमति पत्र, समुदायको अनुमति नभै, कसैलाई दिन सकिने छैन।

पार्वती-के वनभूमि अरू कुनै कामका लागि उपयोग गर्न सकिन्छ?

सुमन - सकिन्छ। स्कुल, अस्पताल, अंगनवाड़ी केन्द्र, राशनको पशल, साना तलाउ, बिजुली, पानी, सड़क, प्रशिक्षण केन्द्र, सामुहिक भवन निर्माण आदि विभिन्न कामका लागि वन भूमिको उपयोग गर्न सकिन्छ। यस्को अधिकार ग्रामसभासंग रहन्छ। तर यस कामका लागि भूमि अढाई एकड भन्दा धेरै हुनु हुँदैन, साथै यस कार्यका लागि 75 वटा भन्दा धैरै रूख काट्न नपरोस्।

जुगनी भन्ने महिला यतिका बेरसम्म सबै कुरा सुनिरहेकी थिई। यसैबिच उस्ले पनि प्रश्न गरी - जहाँ आदिवासीहरूको निवास छ त्याहाँ कस्को हक हुन्छ?



सुमन – आदिवासीहरुको निवासलाई मालिकाना हक प्रदान गरिने छ। बन–जंगलमा रहेका सबै बस्ती व वन गाउँहरुलाई राजस्व गाउँमा परिवर्तन गराउने प्रावधान पनि यस ऐनमा सामेल गरिएको छ।

आजकौ बैठकमा थस्ता धेरै आदिवासीहरुपनि आएका थिए

जस्लाई आफ्नो जमीनबाट जबरदस्ती बेदखल गराइएको थियो। इनिहरूमा हर्कु भन्ने मानिस पनि सामेल थियो। उस्ले हिम्मत गरेर सोध्यो–के वन विभागद्वारा बेदखल गराइएका आदिवासीहरु फेरि आफ्नो त्यस जमिनमा आएर बस्न सक्छन ?

सुमनले हर्कुको दुख बुझेर भनिन् यदि कुनै आदिवासीलाई 13 दिसम्बर, 2005 सन् भन्दा पहिलै वन विभागले बेदखल गराएको छ, तर उस्लाई अहिले क्षतिपूर्ति दिएको छैन र त्यो परिवारले अहिलेसम्म आँफु बस्ने ठाउँ भेटेको छैन भने उस्ले आफ्नो पहिलेकै ठाउँमा आएर बस्न सक्छ।

यदि कुनै राज्यद्वारा विकास परियोजनाका लागि वन–जंगलको जमीन लिइएको छ, र त्यहाँ 5 सालसम्म परियोजनाको काम सुरु गरिएको छैन भने र परियोजनाको लागि आदिबासीहरुलाई बिना क्षतिपूर्ति (बेदखल) गराइएको छ भने त्येतिखेर बेदखल भएकाहरुको त्यस जमीनमाथि अधिकार रहने छ।

वन–जंगलमा रहने कुनैपनि आदिवासी वा अन्य पारम्परिक जंगलवासीहरूलाई तबसम्म बेदखल गर्न सकिन्न जवसम्म यस्को मान्यता र जाँच पूरा हुँदैन।

दयाराम – वकील दिदी, हाम्रो अधिकार संग हाम्रो कर्तव्य कसरी जोडिन्छ?

सुमन : यस्मा तिम्रो अधिकारसंगै तिम्रो कर्तव्य पनि (जोडिएको छ तपाईहरुले

(क) वन–जंगल लगायत त्यहाँ रहने जनावर, पशु–पक्षी, रूख–पात आदि सबैको रक्षा गर्नु पर्छ।

(ख) वन क्षेत्रका जलाशय, तलाउ आदिको रक्षा गर्नु पर्छ।

(ग) ग्राम सभाद्वारा वन–जंगलमा रहने पशु, जनावर, रुख–पात आदि ध्वंश हुने गरी कुनै पनि (सिद्धान्त) निर्णय लिनु हुँदैन ईत्यादि।

मंगलू : वन अधिकारको निम्ति पंचायत तहमा के के व्यवस्था छ?



सुमन : पंचायत तहमा ग्रामसभाको पहिलो बैठकमा वन अधिकार समिति गठन गरिन्छ यस्को निम्ति बैठकमा दुईतिहाइ ग्रामसभा सदस्यको उपस्थिति जरूरी छ।

जानकी : वन अधिकार समितिमा कतिजाना सदस्य रहन्छन् ?

सुमन : यस समितिमा ग्रामसभा का 10–15 जना सदस्य रहन्छन्। यस्मा 5 जना आदिवासी र 5 जाना महिला सदस्य रहन जरुरी छ। समितिमा एकजना अध्यक्ष र एकजाना सचिव रहन्छन्। सचिवको पदमा पंचायत सचिव व पंचायतकर्मीलाई सामेल गर्ने प्रावधान छ। वन अधिकार समितिका अन्य पंचायत व सरकारी कर्मचारीलाई सामेल गर्न जरुरी छैन।

मंगलु : वन अधिकार प्राप्त गर्नका लागि के गर्नु पर्छ?

सुमन : वन निवासीको वन अधिकार प्राप्त गर्नका लागि यस समितिमा दावी फार्म जमा गर्नु पर्छ।

जयराम : ग्रामवासीले बनभूमिका आफ्नो दावी कसरी प्रस्तुत गर्नु पर्छ?

सुमन : ग्रामवासीले आफ्नो दावी निर्धारित फार्मद्वारा ग्राम पंचायत कार्यालयमा रहेको वन अधिकार समितिलाई दिन सक्छन्। यस आवेदनसंग आफ्नो दखली प्रमाण दिन जरुरी छ।



दावी पत्रको एउटा प्रतिलिपि वन अधिकार समितिको हातमा रहन्छ र दोश्रो प्रतिलिपि चै प्राप्ति सिल लगाएर आफूसित राख्नु पर्छ।

चम्पा : दखली दावीदारीको प्रस्ताव कसरी पारित गरिन्छ ?

सुमन : ग्रामसभाले दखली दावीदारीको योग्यता तय गरेर विकासखण्ड तहको समितिलाई पठाउँछ। विकासखण्ड समितिले ग्राम सभाबाट प्राप्त सवै दावीको एउटा अभिलेख

फार्म लगायत अन्तिम निर्णयका लागि जिल्ला समितिलाई पठाउँछ।

रामदीन : दावी सन्दर्भमा अन्तिम निर्णय कस्ले सुनाउँछ ?

सुमन : सबै प्रकारका व्यक्तिगत व सामूहिक दावी सन्दर्भमा अंतिम निर्णय जिल्ला तहको समितिले लिने गर्छ। हर परिवारलाई दस एकड़ सीमा भित्र पर्ने वन भूमिमा उत्तिकै अधिकार प्रदान गरिन्छ जतिमा उस्को दखली छ।

यो अधिकार पति–पत्नी दुवैको संयुक्त नाममा वा दुवैबीच जो जीवित छ, उसको नाममा रहने छ। दखली जमीन न त कसैलाई बेच्न सकिन्छ न त कसैको नाममा लेखिदिन सकिन्छ। तर छोरा–छोरीको नाममा भने गराउन सकिन्छ।

मंगलू : वन अधिकार कानुननमा ग्रामसभाले के कार्य गर्छ ?

सुमन : ग्रामसभाले वन अधिकारको प्रकृति र सीमा तय गर्नका लागि दावीको निर्णय सुनाउन सक्छ।

लालू : दावीको जाँचमा कुन प्रकारका प्रमाणको जरुरत हुन्छ ?

सुमन : कुनैपनि दावी प्रमाणको आधारमा मात्र गर्न सकिन्छ। गजेटियर, जनगणना, मानचित्र, वन अभिलेख, पट्टा या लीज, कुनैपनि सरकारी आदेश, अधिसूचना, सरकारी अभिलेख, मतदाता परिचय पत्र, राशनकार्ड आदि प्रमाणको रुपमा स्वीकार हुने छ। ग्रामसभाले आफ्नो नियमानुसार सम्पूर्ण जानकारी राख्ने गर्छ। त्यसपछि मात्र प्रस्ताव पारित गरी त्यस दावी फार्मलाई विकास समितिलाई पठाउने गर्छ।

नथ्थू : ग्रामसभाको निर्णयमा कुनै व्यक्ति  राजी नभएमा के गर्न उचित हुने छ ?

सुमन : कोहि वनवासी ग्रामसभाको निर्णयमा राजि नभएको खण्डमा उस्ले यस विषयमा आफ्नो आवेदन विकासखण्ड समितिलाई पठाउन सक्छ। यस्ता आवेदन 60 दिन भित्रै गर्न जरुरी छ। त्यसरीनै विकासखण्डको निर्णयमा पनि राजी नभएमा व्यक्तिले आफ्नो आवेदन जिल्ला स्तर समितिमा

ठाउनु पर्छ। जिल्ला समितिको निर्णय नै अन्तिम निर्णय हुने छ।

यस प्रकार सुमनले वन अधिकार संम्बधमा सवैलाई जानकारी गराइन। बैठक समाप्ति पछि त्यहाँ उपस्थित सबैले सुमन थापालाई धन्यवाद दिए।

सुमन थापाले आज शेर्पा गाउँका आदिवासीहरुमा एउटा नयाँ भरोसा जगाएकी छिन। आज सबै खुसी छन। उपस्थित सबैजाना आपसमा कुरा गर्दैथिए कि वन–जंगलमा अबदेखि हाम्रो अधिकार रहने छ। सबैको आँखामा खुसीको झलक प्रष्ट रूपले झल्केको थियो।

# प्रकाशित पुस्तिकाहरू

१) आँखा खुल्यो

२) कुरा मिल्यो

३) मायाको पाठशाला

४) मर्यदाको प्रश्न

५) सुचनाको अधिकार ऐन 2005

६) आशाको करिण

७) अब कोही णोको नरहोस

८) अत्याचारको अन्त

९) रमेशले न्याय पायो

१०) हाम्रो जंगल हाम्रे धरोहर

११) भारत सरकारका प्रमुख योजनाहरू

Saakshar Bharat

**STATE RESOURCE CENTRE ASSAM**
1-CD, Mandovi Apartments, GNB Road
Ambari, Guwahati-781001
E-mail-srcassam@hotmail.com
A2J (NE&JK)
Copies .......